
BUTWAL POWER COMPANY LIMITED





बुटवल पावर कम्पनी लिमिटेड

# संक्षिप्त वार्षिक प्रतिवेदन

## आ.व. २०७८/०७९

iLight the future

# बुटवल पावर कम्पनी लिमिटेडको ३०औं वार्षिक साधारण सभाको सूचना

मिति २०७९।०९।०७ (तद्नुसार २२ डिसेम्बर २०२२) मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको ३० औं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा देहायका प्रस्तावहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सबै शेयरधनीहरूको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

## साधारण सभा हुने मिति, स्थान र समय :

**मिति :** **२०७९ पौष ३० गते शनिवार (तद्नुसार जनवरी १४, २०२३)।**

**समय :** **बिहान ११:०० बजे।**

**स्थान :** **कार्की ब्याङ्क्वेट बबरमहल, काठमाण्डौं।**

## छलफलका विषयहरु :

**(क) सामान्य प्रस्तावः**

१. संचालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७८/७९ को वित्तिय विवरणहरू उपर छलफल गरी पारित गर्ने ।

३. लेखापरीक्षण समितिको सिफारिस अनुसार आ.व. २०७९/८० का लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. शेयर दाखिल खारेज बन्द भएको मिति सम्म कायम शेयरधनीहरूलाई आ.ब. ०७८/७९ को मुनाफाबाट चुक्ता पूंजीको ७.५% (सात दशमलव पाँच प्रतिशत) नगद लाभांश वितरण गर्ने ।

५. स्वतन्त्र संचालक नियुक्त गर्ने ।

६. सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकहरूको निर्वाचन गर्ने ।

**(ख) विशेष प्रस्तावः**

१. बोनस शेयर जारी गर्ने प्रयोजनका लागि कम्पनीको चुक्ता पूँजी बृद्धि गर्ने र प्रवन्धपत्रको दफा ५(ख) संशोधन गर्ने ।
   (नोटः शेयरधनीहरूलाई ५% बोनस शेयर जारी गर्नका लागि कम्पनीको हालको चुक्ता पूँजी रू. ३,२४,६३,२६,८०० बृद्धि गरी रू. ३,४०,८६,४३,१०० पुर्‍याउने । बोनस शेयर बाँडफाँड गर्दा दशमलव पछिको अंकलाई राउण्ड अफ गर्दा यस अंकमा समायोजन हुन सक्ने ।)

२. आ.ब. ०७८/७९ को मुनाफा तथा संचित लाभसमेतबाट चुक्ता पूंजीको ५% (पाँच प्रतिशत) बोनस शेयर जारी गर्ने ।

३. आ.व. २०७८।७९ मा विभिन्न संस्था तथा व्यक्तिहरूलाई दिइएको आर्थिक सहयोग रकम रू. २,५२,८२०/- अनुमोदन गर्ने ।

**(ग) विविध।**

# प्रोक्सी-फारम

श्री संचालक समिति

**बुटवल पावर कम्पनी लि.**

वुद्धनगर, वानेश्वर, काठमाण्डौ ।

**विषयः** प्रतिनिधि नियुक्त गरेको बारे ।

महाशय,

...................................जिल्ला...............................म.न.पा/न.पा./गा.वि.स. वडा नं. ....................,
.................... वस्ने म/हामी ...........................................................ले त्यस कम्पनीको
शेयरवालाको हैसियतले मिति २०७९ पौष ३० गते शनिबारका दिन हुने ३० औं वार्षिक साधारण सभामा
स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा
मतदान गर्नका लागि..............................जिल्ला ..........................................म.न.पा/न.पा./
गा.वि.स./ वडा नं..........., ..........वस्ने श्री ........................................................................ लाई
मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

निवेदकः ....................................................
दस्तखतः ....................................................
ठेगानाः ..............................पो.व.नं...............
फोन नं......................................................

शेयरधनी नं.ः (BOID No)ः ..............................
शेयर प्र.प.नं.ः ....................................
डिम्याट नंः.............................................
शेयर संख्याः ........................................
मितिः ...................................................

# साधारण सभा सम्बन्धी सामान्य जानकारी

१. कम्पनीको शेयर दाखिल खारेजको कार्य मिति २०७९।०९।१८ देखी मिति २०७९।०९।३० सम्म बन्द रहने छ ।

२. कम्पनी ऐन, २०६३ को दफा ८४ वमोजिम संक्षिप्त आर्थिक प्रतिवेदन राष्ट्रिय स्तरको दैनिक पत्रपत्रिकामा अलग्गै प्रकाशित गरिएको छ र सो प्रतिवेदन सहितको संक्षिप्त वार्षिक प्रतिवेदन तथा कम्पनी सम्बन्धी अन्य जानकारीहरू कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाडौंबाट प्राप्त गर्न तथा कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न सकिने छ ।

३. सर्वसाधारण शेयरधनीहरूको तर्फवाट प्रतिनिधित्व गर्ने एक जना महिला संचालक सहित दुई जना संचालकको निर्वाचनका लागि निर्वाचन अधिकृतको कार्यालय कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, बानेश्वरमा रहनेछ । निर्वाचन अधिकृतले मिति २०७९।०९।२२ गते निर्वाचनको कार्यक्रम कम्पनीको सूचनापाटीमा प्रकाशित गर्नु हुनेछ ।

४. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधिपत्र (प्रोक्सी) फाराम भरी कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । शेयरवालाको नाम, शेयर संख्या र दस्तखत मध्ये कुनै नमिलेमा प्रतिनिधिपत्र रद्द हुनेछ ।

५. प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्न चाहने शेयरधनीहरूले सम्पूर्ण शेयरको प्रतिनिधि एउटै व्यक्ति हुने गरी प्रतिनिधि (प्रोक्सी) फाराम भरी पठाउनु पर्ने छ । कुनै व्यक्तिले एक भन्दा बढी शेयरधनीहरूको तर्फवाट प्रतिनिधि (प्रोक्सी) प्राप्त गरेको भए निजले प्रोक्सी दर्ता गर्न ल्याउँदा प्रोक्सी दिने शेयरधनीको नाम, निजको शेयरधनी नं. वा विओआईडी नं., शेयर संख्यासमेत खुलेको सूची बनाई सूचीमा उल्लेख भए वमोजिमको प्रोक्सी फारम क्रमशः संलग्न गरी निर्वाचन कार्यक्रममा उल्लेख भए वमोजिम निर्वाचन अधिकृतको कार्यालयमा सभा शुरू हुनु भन्दा कम्तिमा ७२ घण्टा अगाडि दर्ता गरी सक्नु पर्नेछ । एक जना व्यक्तिले आफूले प्राप्त गरेको प्रोक्सी एकै पटक दर्ता गर्नु पर्नेछ ।

६. शेयरधनीको नाम थर र शेयरधनी नं. वा विओआईडी नं फरक परेमा, शेयरधनीको नाममा कायम रहेको शेयर संख्या भन्दा बढी शेयर संख्या प्रोक्सी फाराममा उल्लेख भएमा, प्रोक्सी दिने शेयरधनीको हस्ताक्षर कम्पनीमा रहेको निजको हस्ताक्षरसंग मेल नखाएमा वा फरक परेमा, प्रोक्सी दिने शेयरधनी स्वयं साधारण सभामा उपस्थित भएमा, मतदानको प्रक्रिया प्रारम्भ हुनु अगावै प्रोक्सी दिने शेयरधनीको मृत्यु भएको जानकारी प्राप्त भएमा, संगठित संस्थाले दिएको प्रतिनिधि नियुक्ति पत्र रितपूर्वकको नभएमा त्यस्तो प्रोक्सी वा प्रतिनिधिपत्र बदर हुनेछ । तर कम शेयर संख्या उल्लेख भएकोमा सोही शेयर संख्या कायम हुनेछ ।

७. एकै शेयरधनीले एकभन्दा बढि प्रतिनिधि (प्रोक्सी) नियुक्त गरेको अवस्थामा पहिला दिएको प्रोक्सी वदर गरेको भन्ने व्यहोरा उल्लेख भई पछिल्लो प्रोक्सी दर्ता हुन आएमा वाहेक पहिला दर्ता हुन आएको प्रोक्सीले मान्यता पाउने छ ।

८. कानूनी व्यक्ति तथा संगठित संस्थाले शेयरधनीको हैसियतले प्रतिनिधी नियुक्त गर्दा वा प्रोक्सी दिंदा प्रचलित कानूनमा अन्यथा व्यवस्था भएकोमा बाहेक त्यसरी दिने वा तोक्ने व्यक्तिलाई संचालक समितिवाट अख्तियारी प्राप्त भएको देखिने कागजात तथा प्रतिनिधी वा प्रोक्सी प्राप्त गर्नेको परिचयपत्र (नागरिकताको प्रमाणपत्र वा कार्यलयको परिचयपत्र वा चालक अनुमतिपत्र आदि) प्रतिनिधी नियुक्ति पत्र वा प्रोक्सी साथ संलग्न हुनु पर्नेछ, नभएका त्यस्तो प्रतिनिधीपत्र वा प्रोक्सी रद्द हुनेछ ।

९. सभा हुने दिन सभामा उपस्थितिका लागि हाजिर पुस्तिका बिहान ९:०० वजे देखि खुल्ला रहने छ । हाजिर गर्नका लागि परिचय खुल्ने कुनै पनि कागजातहरू जस्तैः नागरिकता, चालक अनुमतिपत्र आदि अनिवार्य रूपमा प्रस्तुत गर्नु पर्नेछ ।

१०. कुनै संगठित संस्था वा कम्पनीले शेयर खरिद गरेको हकमा त्यस्ता संगठित संस्था वा कम्पनीले मनोनित गरेको प्रतिनिधिले शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नु हुनेछ ।

११. छलफलका विषय सूची मध्ये विविध शिर्षक अन्तर्गत छलफल गर्न इच्छुक शेयरधनीले सभा हुनु भन्दा ७ (सात) दिन अगावै सो सम्बन्धी प्रस्ताव कारण सहित उल्लेख गरी कम्पनी सचिव मार्फत संचालक समितिको अध्यक्षलाई लिखित रूपमा दिनु पर्नेछ ।

१२. अन्य जानकारीको लागि कम्पनीको रजिष्टर्ड कार्यालय, बुद्धनगर, काठमाण्डौ तथा शेयर रजिष्ट्रार श्री नबिल ईन्भेष्टमेन्ट बैंकिङ्ग लिमिटेड, नारायण चौर नक्साल, काठमाडौंमा सम्पर्क राख्नु हुन अनुरोध छ ।

आज्ञाले
कम्पनी सचिव

**बुटवल पावर कम्पनी लिमिटेड**

## प्रवन्धपत्र संशोधनको तीन महले विशेष प्रस्ताव

| हालको व्यवस्था | संशोधित व्यवस्था | संशोधनको कारण |
|---|---|---|
| ५. कम्पनीको शेयर पूँजीः<br>(ख) कम्पनीको जारी पूँजी रू. ३,२४,६३,२६,८०० (तीन अरव चौबिस करोड त्रिसठ्ठी लाख छब्बिस हजार आठ सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका ३,२४,६३,२६८ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | ५. कम्पनीको शेयर पूँजीः<br>(ख) कम्पनीको जारी पूँजी रू. ३,४०,८६,४३,१०० (तीन अरव चालिस करोड छयासी लाख त्रिचालिस हजार एक सय रूपैयाँ) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रू. १०० का दरका ३,४०,८६,४३१ कित्ता साधारण शेयरमा विभाजन गरिनेछ । | बोनस शेयर जारी गर्नका लागि पूँजी बृद्धि गर्न बान्छनीय भएको । |

# संचालक समितिको प्रतिवेदन

## शेयरधनीज्यूहरु,

यस कम्पनीको ३०औं बार्षिक साधारण सभामा संचालक समितिको तर्फवाट आ.व २०७८।७९ सालको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा अत्यन्त खुसी लागेको छ ।

आ.व. २०७८।७९ मा कम्पनीको कार्यसंपादन संचालन व्यवसाय तर्फ राम्रो रह्यो तर लगानी तथा आयोजना विकास व्यवसायहरू तर्फको कार्यसंपादन सामान्य रह्यो । विभिन्न व्यवसायहरू तर्फको कार्यसंपादन सम्बन्धित शिर्षकमा उल्लेख गरिएको छ । कम्पनीले आ.व. २०७८।७९ मा रू. २७ करोड ४१ लाख ५० हजार खुद मुनाफा गर्न सफल भयो, जुन अघिल्लो वर्षको तुलनामा ४५.३७% ले कम हो । खुद विद्युत बिक्री करीव २४.३२% बढेको भएतापनि लाभांश आम्दानी ९६.४८% ले घटेका कारण सो अवधीमा कम्पनीको समग्र खुद मुनाफा घटेको छ ।

## कार्यसम्पादन मूल्यांकन

**बित्तः**

कम्पनीले आ.व. २०७८।७९ मा रू. ३४ करोड १३ लाख ८१ हजार कुल संचालन मुनाफा आर्जन गरेको छ, जुन अघिल्लो वर्षको तुलनामा ६२.७२% ले बढी हो । वित्तिय आम्दानी समेत ७०.७३% प्रतिशतले बढेर रू. ९ करोड ९९लाख २९ हजार भएको छ । तथापि अघिल्लो वर्षको लाभांश आम्दानी रू. ३२ करोड ४९ लाख ६० हजारको तुलनामा ९६.४८% ले घट्न गई रू. १ करोड १४ लाख ४० हजार मात्र भएका कारण नाफा उल्लेख्यरूपमा घट्न गएको छ । त्यसको परिणामस्वरूप कर अघि तथा कर पछिको नाफा क्रमशः ३८.२०% र ४५.३७% ले घटेको छ । आ.व. २०७८।७९ मा कम्पनीको खुद मुनाफा रू. २७ कारोड ४१ लाख ५० हजार भएको छ । कम्पनीको मुख्य वित्तिय विवरणहरू तल संक्षेपमा उल्लेख गरिएको छः

निर्माण चरणमा रहेका आयोजनाको कारण आम्दानी घटेको भएपनि सेवा बिक्री बढेका कारण समुहगत आम्दानी ६.११% ले बढेको छ । अर्को तर्फ मुलतः निर्माण चरणको खर्च र विद्युत खरिद मा ३.६३% ले कमी आएका कारण कुल नाफा ७९.३९% ले बढ्न गएको छ । तथापि, समुहगत खुद मुनाफा २७.४४% ले घट्नुमा मुलतः लाभांश आम्दानी उल्लेख्यरूमा कम भएकाले गर्दा हो । न्यादी हाइड्रोपावर लि.ले सर्वसाधारणमा शेयर जारी गरेका कारण ४.८१% ले खुद सम्पत्ति बढेको छ । समुहगतरूपमा प्रति शेयर आम्दानी रू. ७.३७ रहेको छ, जुन गत वर्ष रू. १०.४५ रहेको थियो ।

## व्यवसाय सञ्चालन

### उत्पादन व्यवसाय

कम्पनीले ९.४ मेगावाटको आँधिखोला र १२ मेगावाटको झिमरूक विद्युत गृहहरू संचालन गर्दै आएको छ । आ.व. २०७८।७९ मा दुबै विद्युत गृहहरू राम्रोसंग संचालनमा रहे । सो विद्युत गृहरूहरूवाट कुल १५५.२६ गिगावाट आवर विद्युत उत्पादन भएको थियो । यो गत वर्षको उत्पादन १२७.२५ गिगावाट आवर भन्दा २१.७६% ले बढी हो । कुल उत्पादित उर्जाको करीव ६८.८८% नेपाल विद्युत प्राधिकरणलाई तथा वाँकी कम्पनीको वितरण व्यवसायमा आपूर्ति गरिएको थियो ।

दुबै विद्युत गृहहरूवाट भएको उत्पादनको अवस्था निम्न अनुसार छः

- आँधिखोला विद्युत गृहले ८७.२४% क्षमता (Plant Factor) मा संचालनमा रहेर ७२.०३ गिगावाट आवर विद्युत उत्पादन गऱ्यो । सो गत वर्षको तुलनामा १६.६६% (१०.२८६ गिगावाट आवर) बढी उत्पादन हो । मूलतः सुख्खायाममा हुने

| विवरण | आ.व. २०७८।७९ रू. | आ.व. २०७७।७८ रू. | परिवर्तन % |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ५२,६७,६१,८०३ | ४२,३७,२४,६५७ | २४.३२ |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २३,९४,७९,५५६ | २१,३९,८८,९३१ | ११.९१ |
| उत्पादन खर्च | २९,५७,९२,७९१ | ३१,२१,८०,९०३ | -५.२५ |
| वितरण खर्च | १३,७८,७४,९३३ | १२,४१,६०,४२५ | ११.०५ |
| कूल संचालन मुनाफा | ३४,१३,८१,१०२ | २०,९८,००,५९५ | ६२.७२ |
| अन्य आय (प्राप्त लाभांश समेत) | ४,००,२९,०९३ | ६८,७७,१५,२२१ | -९४.१८ |
| प्रशासनिक तथा अन्य खर्च | १२,७४,२७,०३२ | १२,७७,३९,४७९ | -०.२४ |
| ब्याज तथा कर अधिको नाफा | २६,१८,२२,२४९ | ५२,५५,०६,६१३ | -५०.१८ |
| कर अघिको नाफा | ३४,८९,४१,०३४ | ५६,४६,०२,७८१ | -३८.२० |
| कर पछिको खुद मुनाफा | २७,४१,५०,२३६ | ५०,१८,१५,६७४ | -४५.३७ |
| अन्य कम्पनीहरूमा लगानी | ३,५०,५२,७६,४४५ | ३,३०,३६,८०,४५६ | ६.१० |
| प्रतिशेयर आम्दानी | ८.४४ | १५.४६ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ६,९६,८१,९३,९१६ | ७,००,९३,९१,१०४ | -०.५९ |

आ.व.२०७८।७९ को समूहगत एकिकृत वित्तिय अवस्था निम्न अनुसार रहेको छः

| विवरण | आ.व. २०७८।०७९ रू. | आ.व. २०७७।०७८ रू. | % परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,८२,११,०६,८८२ | २,६५,८७,४४,२८३ | ६.११ |
| बिक्री लागत | २,२६,१४,९६,३७१ | २,३४,६७,८७,५१० | -३.६३ |
| कुल नाफा | ५५,९६,१०,५११ | ३१,१९,५६,७७३ | ७९.३९ |
| ब्याज तथा कर अघिको नाफा | ३५,०४,५२,४७९ | ७६,९१,२०,७७६ | -५४.४३ |
| कर अघिको नाफा | ३२,०७,०१,८१७ | ३९,३५,१०,४०५ | -१८.५० |
| कर पछिको नाफा | २२,८३,१७,०३४ | ३१,४६,५५,४८९ | -२७.४४ |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | २३,९४,०२,३९१ | ३३,९१,२८,९५५ | -२९.४१ |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | -१,१०,८५,३५७ | -२,४४,७३,४७४ | -५४.७० |
| प्रति शेयर आम्दानी | ७.३७ | १०.४५ | |
| खुद सम्पत्ति | ७,५५,१६,९९,५३७ | ७,२०,५१,३४,३०१ | ४.८१ |

सामान्य वर्षा भन्दा बढी वर्षा भएका कारण विद्युत उत्पादन बढ्न बढ्न मद्यत गर्‍यो । कुल उपलब्ध विद्युत मध्ये कालीगण्डकी ए जलविद्युत आयोजनालाई क्षतिपूर्ति वापत निशूल्क उपलब्ध गराइएको ३.१६७ गिगावाट आवर समेत गरी ३५.०४८ गिगावाट आवर (४७.४७%) नेपाल विद्युत प्राधिकरणलाई र ३७.९५७ गिगावाट आवर कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई बिक्री गरियो ।

- झिमरूक विद्युत गृहले ७८.९६% क्षमता (Plant Factor) मा संचालनमा रहेर ८३.२३ गिगावाट आवर विद्युत उत्पादन गर्‍यो । सो अघिल्लो वर्षको उत्पादनको तुलनामा २६.५८% (१७.४८ गिगावाट आवर) ले बढी हो । यस विद्युत गृहले व्यापारिकरूपमा विद्युत उत्पादन भए देखी (अगष्ट १९९४) यो वर्ष उच्च विद्युत उत्पादन हासिल गर्न सफल भएको छ । विद्युत उत्पादन उल्लेख्यरूपमा बढ्नुमा सुख्खायाममा हुने सामान्य वर्षा भन्दा बढी वर्षा भएको र विद्युत गृहलाई राम्रो संचालन अवस्थामा राख्न सकेका कारणले भएको हो । कुल उपलब्ध विद्युत मध्ये ७४.७६ गिगावाट आवर (८७.३५%) नेपाल विद्युत प्राधिकरणलाई र ८.८०८ गिगावाट आवर कम्पनीकै उपभोक्ताका निमित्त वितरण व्यवसायलाई बिक्री गरियो ।

- झिमरूक नदीको पानीमा वर्षायाममा उल्लेख्य मात्रामा क्वार्ट्जहरू आउने गर्दछ । क्वार्ट्जहरू एकदमै खस्रो हुन्छन् । त्यसकारण, त्यसले टर्वाइनको भित्री भागमा खियाउने काम गर्दछ । जसले गर्दा वर्षायाममा बाढी आएका बखत विद्युतगृह पूर्ण क्षमतामा संचानल हुन सक्दैन । आ.व. २०७८।७९ मा टर्वाइनका सबै हिस्साहरू लगायत रनरहरू, गाईड भेन्स, साईड कभरहरू, सिलिङ रिङहरू, साफ्टको सिलहरू र अन्य हिस्साहरूको समयमै मर्मत संभार गरिएको थियो । साथै, निरोधात्मक तथा वार्षिक मर्मत संभारका कार्यहरू समय तालिका अनुसार गरिएको थियो ।

### वितरण व्यवसाय

आ.व. २०७८।७९ मा उत्पादन व्यवसायवाट ४६.७६ गिगावाट आवर उर्जा लिइएको थियो । यो उर्जा गत बर्ष लिइएको उर्जा भन्दा करीव ९.९३% ले बढी हुन आउँछ । उपभोक्ताको संख्या २.६% र प्रति उपभोक्ता सरदर विद्युत उपभोग ६.८१% ले बढेको हुनाले विद्युत खरिद बढ्न गएको हो । त्यसको साथै बिक्री पनि ८.३५% ले बढेको छ । कम्पनीले ३८.८२ गिगावाट आवर उर्जा उपभोक्तालाई बिक्री गऱ्यो भने ०.०६४ गिगावाट आवर आन्तरिकरूपमा खपत गऱ्यो ।

## कम्पनीका सहायक तथा सम्वद्ध कम्पनीहरु:

### २०७९ आषाढ मसान्त सम्म कम्पनीको लगानी:

यस कम्पनीले निम्न कम्पनीहरूमा शेयर लगानी गरेको छ, जसको मूल्य लागतका आधारमा तथा फेयर भ्यालुका आधारमा निम्न तालिकामा प्रस्तुत गरिएको छः

## सहायक तथा सम्वद्ध कम्पनीको स्वामित्वमा रहेका विद्युत गृहहरु

सहायक कम्पनी खुदी हाइड्रोपावर लि.को स्वामित्वमा संचालित ४ मे.वा.को खुदी जलवद्युत गृह आ.व. २०६३।६४ देखी व्यापारिकरूपमा संचालनमा आएको हो । बिपिसि यसको मुख्य शेयरधनी हो । बाढीका

**२०७९ सालको आषाढ मसान्तसम्म कम्पनीको लगानीको अवस्था:**

| कम्पनीको नाम | शेयर संख्या | ％लगानी | लगानी (रु.लागतमा) | लगानी (रु.फेयर भ्यालुमा) |
|---|---|---|---|---|
| हिमाल पावर लि. | २९,७८,५०२ | १६.८८ | ४३,४९,३१,४६१ | ७६०,१९६,७५३ |
| नेपाल हाईड्रो एण्ड इलेक्ट्रिक लि. | ७,१५,८०० | ५१.३० | ७,१५,८०,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड | ५,०४,००० | ६०.०० | ५,०४,००,००० | - |
| खुदी हाइड्रोपावर लिमिटेड (अग्राधिकार शेयर) | ५,७६,००० | ७०.५५ | ५,७६,००,००० | - |
| न्यादी हाइड्रोपावर लिमिटेड | १,०७,५१,४५३ | ७१.६८ | १,०७,५१,४५,३०० | - |
| कावेली इनर्जि लि. | २९,६६,८६० | २७.२४ | २९,६६,८६,००० | - |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,४७,२३१ | १०० | ४,२९,९१,२६० | - |
| मनाङ मर्स्याङदी हाइड्रोपावर कं. प्रा.लि. | १,९८,४५५ | २२.४० | १४७,४०२,७८१ | |
| बिपिसी सर्भिसेज लि. | १,००,००० | १०० | १,००,००,००० | - |
| हाइड्रो ल्याव प्रा.लि. | १०,००० | १०.७३ | १०,००,००० | ३,००,९३,२६२ |
| हिमताल हाइड्रोपावर कं. प्रा.लि. | ६,०१,३०० | १९.४० | ७८,९७,००,८३० | |
| मर्स्याङदी ट्रान्समिशन कं. प्रा.लि. | ६,४०६ | १९.४० | १,०३,४६,२४५ | |
| गुराँश इनर्जि लि. | ३,३१९,८३६ | ४० | ३३,१९,८३,६०० | - |
| कावेली इनर्जि लि.लाई दिएको परिवर्तन गर्न मिल्ने सापटी | - | - | १२,६०,०४४ | |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ३१,२५,४३९ | - | ९,३५,२०,८७६ | |
| **जम्मा लगानी (लागत मुल्यमा)** | **२,६०,०१,२८२** | | **३,४१,४५,४८,३९७** | **७९,०२,९०,०१५** |

## संलग्न कम्पनीहरुमा शेयर वापत गरिएको अग्रिम भुक्तानी तथा अन्य खर्चहरु

| कम्पनीको नाम | रकम रू. |
|---|---|
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | ४,४०,००,००० |
| गुराँश इनर्जि लि. | ३,०१२,२३२ |
| मनाङ मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा.लि. | १८,२०,८६,००० |
| नेपाल पावर एक्सचेन्ज लि. | २,००,००,००० |
| **जम्मा** | **२४,९०,९८,२३२** |

सहायक तथा सम्वद्ध कम्पनीहरूको वित्तिय संम्पादनको मुख्य मुख्य बुँदाहरू निम्न वमोजिम रहेका छन्ः

| कम्पनीको नाम | खुद मुनाफा (रू.) | खुद मुनाफामा बृद्धि वा कमी प्रतिशत | खुद सम्पत्ति (रू ) | प्रति शेयर आम्दानी रू. | प्रति शेयर किताबी मूल्य रू. |
|---|---|---|---|---|---|
| हिमाल पावर लि. | -१,५२,०८,७२८ | -१२०.०६% | ४,५०,२५,८७,०९० | -०.८६ | २५५.२३ |
| नेपाल हाइड्रो एण्ड इलेक्ट्रिक लि. | ८०,०७,३६५ | -१४९.०७% | ३२,२०,९०,५६७ | ५.७४% | २३०.८४ |
| खुदी हाइड्रोपावर लि. | ९८,१९,०८३ | -३४.५३% | २१,८८,०७,५२५ | ११.६९ | २६०.४९ |
| कावेली इनर्जि लि. | -६,०३,५४,६८८ | -२२.४७% | ८०,२१,३४,९८९ | -४.९७ | ७३.९३ |
| न्यादी हाइड्रोपावर लि. | -४,३५,८७,०३० | -१७.८३% | १,३५,७३,१६,४१६ | -३.१२ | ९०.४९ |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | २,३२,८८,७७२ | -११.५८% | १७,६१,८४,३६३ | १५८.१८ | १,१९६.६५ |
| बिपिसि सर्भिसेज लि. | ८,९८,९५९ | १७.३७% | १,६४,६०,४३७ | ८.९९ | १६४.६० |
| हाइड्रो ल्याव प्रा.लि. | ३,०३,३३,८२३ | ३२.४८% | १८,४१,६७,९०३ | ५०४.७२ | ३,०६४.३६ |
| गुराँस इनर्जि लि. | -३५,०९,७५५ | -९७.२४% | ६,५२,८०,४६३ | -०.४२ | ७.८७ |
| एससीआईजी इन्टरनेशनल नेपाल हाइड्रो जोइन्ट डेभलपमेन्ट इन्भेष्टमेन्ट कम्पनी प्रा.लि. | -३,४६,९२,५०४ | १.०४% | १,४९,१६,२३,०८५ | -२.१६ | ९२.८४ |
| मनाङ मर्स्याङ्दी हाइड्रोपावर कम्पनी प्रा.लि. | ४३,८२० | -१०१.३२% | ८,७०,९१,०५० | -०.०५ | ९८.३० |
| मर्स्याङ्दी ट्रान्समिसन कम्पनी प्रा.लि. | -४५,२०० | ० | ४,३१,६६,४७६ | -१.३७ | १,३०७.१२ |
| हिमताल हाइड्रोपावर कम्पनी प्रा.लि. | -४१,८७६ | -७१.२७% | ५९,४५,५९,१५५ | -०.०१ | १९१.८३ |

कम्पनीले आ.वं २०७८।७९ मा निम्न सहायक तथा सम्बद्ध कम्पनीहरुवाट कुल रू.१,१४,४०,२०९ लाभांश प्राप्त गरेको थियो ।

| कम्पनीको नाम | लाभांश रकम रू. (आ.वा २०७७।०७८ को नाफावाट) |
|---|---|
| विपिसि सर्भिसेज लि. | ९,५०,००० |
| हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि. | १,०४,९०,२०९ |
| **जम्मा** | **१,१४,४०,२०९** |

कारण यो विद्युत गृह विभिन्न वर्षहरूमा सामान्य अवस्थामा संचालन हुन सकेन । जसले गर्दा यसको आम्दानी घट्न गएको छ । २०७८ को आषाढमा आयोजना क्षेत्रमा अत्यधिक वर्षा भएर वाढी आई विद्युत गृहको संरचनामानै क्षति पुग्न गयो । त्यसबाट डेढ महिना विद्युत गृह बन्द भयो । यस कम्पनीले आ.व. २०७८।७९ मा रू. ८ करोड ४४ लाख १० हजार आम्दानी गऱ्यो । यो गत वर्षको आम्दानी (जुन आम्दानी ठुलो बाढी आएर करीव ६ महिना लगातार बन्द गर्नुपरेको कारण प्रभावित भएको थियो) भन्दा ३६.७१% ले बढी हो । यस कम्पनीले रू. ९८ लाख १९ हजार खुद मुनाफा गरेको छ, जुन गत वर्षको भन्दा ३४.५३% ले कमी हो ।

सम्बद्ध कम्पनी हिमाल पावर लि.को स्वामित्व तथा संचालनमा ६० मे.वा.को खिम्ती प्रथम जलविद्युत गृह

रहेको छ । विद्युत खरिद बिक्री सम्झौताको शर्त अनुसार उक्त आयोजनामा रहेको यस कम्पनीको स्वामित्वको आधा हिस्सा जुलाई २०२० देखी नेपाल विद्युत प्राधिकरणमा गएको छ । सो पश्चात् नयाँ विद्युत खरिद बिक्री सम्झौता नभएसम्मका लागि अन्तरिम विद्युत खरिद बिक्री प्रवन्ध अनुसार सो विद्युत गृह संचालन भईरहेको छ । नयाँ प्रवन्ध अनुसार सो विद्युत गृह नयाँ विषेश उद्देश्य कम्पनी अर्न्तगत संचालित हुनेछ । यस परिवर्तनबाट कम्पनीको लाभांश आम्दानीमा उल्लेख्य प्रभाव परेको छ ।

## इन्जिनियरिङ तथा अन्य सेवाहरु

यस कम्पनीको पूर्णस्वामित्वको सहायक कम्पनी हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.ले स्वदेश तथा विदेशका विभिन्न जलविद्युत तथा अन्य आयोजनाहरूलाई उच्च स्तरको इन्जिनियरिङ परामर्श सेवाहरू दिई राम्रो कार्यसंपादन गर्दै आएको छ । कम्पनीले पूर्वाधार विकासका अन्य क्षेत्रहरूमा समेत व्यवसाय विविधिकरण गर्ने प्रक्रियामा रहेको छ ।

पूर्णस्वामित्वको सहायक कम्पनी बिपिसी सर्भिसेज लि.को स्थापना विद्युत गृह तथा त्यसको प्रशारण सुविधाहरूको संचालन तथा मर्मत संभारको लागि गरिएको छ । यस कम्पनीको उद्देश्य विभिन्न विद्युत गृहहरूलाई संचालन तथा मर्मत संभार सेवा उपलब्ध गराउने रहेको छ ।

सम्बद्ध कम्पनी हाइड्रो ल्याव प्रा.लि.ले जलश्रोत विकास आयोजनाहरूको भौतिकरूपमा हाइड्रोलिक मोडलको अध्ययन, सेडिमेन्टको अध्ययन तथा सो सम्बन्धी विषयमा अनुसन्धान गर्ने कार्य गर्दै आएको छ । यस कम्पनीले भौगर्भिक परिक्षण तथा अनुसन्धान एवं न्यूमेरिकल मोडलिङ सेवाहरू दिदै आएको छ ।

## आयोजनाहरु

### ३० मे.वा.को न्यादी जलविद्युत आयोजना

विपिसिको वहुमत स्वामित्वको एक विशेष उद्देश्य कम्पनीकोरूपमा रहेको न्यादी हाइड्रोपावर लि.ले स्वदेशी वित्तिय श्रोत परिचालन गरी लमजुङ जिल्लामा ३० मे.वा. क्षमताको न्यादी जलविद्युत आयोजना निर्माण गरेको छ । यसका अन्य शेयरधनीहरूमा लमजुङ विद्युत विकास कम्पनी लि. र सर्वसाधारण रहेका छन् । यस आयोजनाको निर्माण सम्पन्न गरी २०७९ बैशाख २७ वाट व्यापारिक उत्पादन प्रारम्भ भएको छ । नेपाल विद्युत प्राधिकरणको २२० के.भी.को प्रशारण लाईन र सबस्टेशन निर्माणमा ढिलाई हुनुको कारण आयोजनाले माथिल्लो मर्स्याङदी ए को विद्युत गृहसम्म अतिरिक्त ३ कि.मी. प्रशारण लाईन निर्माण गरी आकस्मिक विद्युत आपूर्ति योजना अर्न्तगत विद्युत गृह संचालनमा भईरहेको छ । उत्पादन भएका सबै विद्युत नेपाल विद्युत प्राधिकरणले लिएको छैन । जसका कारण सो कम्पनीले अपेक्षित आम्दानी गर्न सकिरहेको छैन ।

### ३७.६ मे.वा.को कावेली ए जलविद्युत आयोजना

३७.७ मे.वा. क्षमताको कावेली ए जलविद्युत आयोजनामा विश्व बैंकले कर्जाको प्रवाहको समयसीमा सकिएर कर्जा प्रवाह बन्द गरे पश्चात् सन् २०२० को शुरू देखीनै सबै भौतिक निर्माण कार्यहरू बन्द रहेको छ । तथापि स्थानीय वित्तिय श्रोत परिचालन गरी तथा विद्युत खरिद बिक्री सम्झौतामा संशोधन गर्ने गरी सो आयोजना पूनः शुरू हुने प्रक्रियामा छ । विद्युत खरिद बिक्री सम्झौता संशोधनका लागि नेपाल विद्युत प्राधिकरणमा फलोअप भईरहेको छ र त्यसको लागि विद्युत विकास विभागवाट अनुमतिपत्रमा सैद्धान्तिक सहमति समेत प्राप्त भएको छ । स्थानीयरूपमा वित्तिय लगानी जुटाएर निर्माण कार्य पूनः प्रारम्भ गर्नका लागि संभावित वित्तिय लगानीकर्तासंग प्रारम्भिक छलफल प्रारम्भ गरिएको छ ।

### मर्स्याङदी क्यासकेड आयोजनाहरु

मर्स्याङदी क्यासकेड आयोजनाहरूमा तीन अर्धजलाशययुक्त (पिआरओआर) आयोजनाहरूः मनाङ मर्स्याङदी जलविद्युत आयोजना, तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजना रहेका छन्, जसको क्यासकेड अवधारणमा कुल जडित क्षमता ६०१ मे.वा. रहेको छ । सो आयोजनाहरूको क्षेत्र

समायोजन, आयोजनालाई अर्धजलाशय बनाउने, संभाव्यता अध्ययनलाई अध्यावधिक गर्ने तथा पूरक वातावरणीय अध्ययन प्रतिवेदन तयार गर्ने, अध्ययन एवं श्रोत अनुकुलन गर्ने कार्यहरू गरिएको छ । यी आयोजनाहरू चिनिया साझेदारहरू SCIG International Limited, Xingcheng International Investment Co. Ltd. र QYEC International Co. Ltd. संगको सहकार्यमा अलग अलग आयोजना कम्पनी मार्फत कार्यान्वयन गरिनेछ ।

**मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः**

- अर्धजलाशय आयोजनाकोरूपमा यस आयोजनाको जडित क्षमता १३५ मे.वा. कायम गरिएको छ र उत्पादन अनुमतिपत्र सोही अनुसार संशोधन गरिएको छ ।
- सरकारी जग्गा तथा रूख कटानको स्वीकृतिका लागि प्रक्रिया भईरहेको छ ।
- परामर्शदाता नियुक्ति भई बोलपत्र सम्बन्धी कागजातहरू तयार गरी इपीसी ठेक्काका लागि बोलपत्रको सूचना प्रकाशित गरिएको छ ।
- इपीसी ठेक्काका लागि बोलपत्रदातासंगको ठेक्का सम्झौताको वार्ता सम्पन्न भएको छ ।
- वित्तिय व्यवस्थापनका लागि चिनिया बैंकहरूमा प्रक्रिया चलिरहेको छ ।

तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः

- अर्धजलाशय आयोजनाकोरूपमा यस आयोजनाको जडित क्षमता १३९.२ मे.वा. कायम गरिएको छ र सोही अनुसारको क्षमताका लागि कनेक्सन एग्रिमेन्ट गरिएको छ ।
- १३९.२ मे.वा.का लागि पूरक वातावरणीय प्रतिवेदन तयार भई सो प्रतिवेदन बन तथा वातावरण मन्त्रालयवाट स्वीकृत भएको छ ।
- लगानी बोर्डवाट यस आयोजनामा लगानीका लागि स्वीकृति प्राप्त भएपछि १३९.२ मे.वा.का लागि उद्योग दर्ता गरिएको छ ।
- मस्यौदा विद्युत खरिद बिक्री सम्झौता प्राप्त गर्नका लागि नेपाल विद्युत प्राधिकरणमा फलोअप चलिरहेको छ ।
- विशेष उद्देश्यको कम्पनी स्थापना गर्ने प्रक्रिया भईरहेको छ ।

माथिल्लो मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको अवस्था निम्न अनुसार रहेको छः

- लगानी वोर्डले ३२७ मे.वा.को लागि सर्वेक्षण अनुमतिपत्र प्रदान गरेको छ र विस्तृत आयोजना प्रतिवेदन तयारी गरी स्वीकृतिका लागि लगानी बोर्डमा पेश गरिएको छ ।
- नेपाल विद्युत प्राधिकरणसंग विद्युत खरिद बिक्री सम्झौताको लागि प्रक्रिया शुरू गरिएको छ ।
- वन तथा वातारण मन्त्रालयवाट पूरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ ।

मर्स्याङदी क्यासकेड आयोजनाहरूवाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने २२० के.भी. मर्स्याङदी कोरिडोर प्रशारण लाईन मार्फत विद्युत प्रसारण हुनेछ । तर प्रशारण लाईनको निर्माण कार्य मर्स्याङदी करिडोरमा निर्माण सम्पन्न भएका जस्तै न्यादी जलविद्युत आयोजना तथा चालु आयोजनाहरू प्रभावित हुने गरी ढिला भएको छ ।

**७.९ मे.वा. चिनोखोला जलविद्युत आयोजना**

चिनोखोला जलविद्युत आयोजना तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको नजिकै रहेको नदीको बहावमा आधारित आयोजना हो । यस आयोजनाले शुरूमा मर्स्याङदी क्यासकेड आयोजनाहरू निर्माणको लागि आवश्यक विद्युत अपूर्ति गर्ने र सो पश्चात् नेपाल विद्युत प्राधिकरणसंग विद्युत बिक्री गर्नेछ । विद्युत विकास विभागले यस आयोजनाको उत्पादन अनुमतिपत्र प्रदान गरेको छ र यस आयोजनाको बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन बन तथा वातावरण मन्त्रालयवाट स्वीकृत भएको छ । कनेक्सन एग्रिमेन्ट पश्चात् विद्युत खरिद बिक्री सम्झौताका लागि नेपाल विद्युत प्राधिकरणमा प्रक्रिया चलिरहेका छ । यस आयोजनाको उद्योग दर्ता गरिएको छ । विद्युत खरिद बिक्री सम्झौता भई वित्तिय व्यवस्थापन भए पश्चात् निर्माण कार्य प्रारम्भ गर्नका लागि सरकारी जग्गा लिजमा लिने तथा रूख कटान स्वीकृतिको प्रक्रिया शुरू गरिएको छ ।

**१६० मे.वा. मुगु कर्णाली जलविद्युत आयोजना:**
विपिसिलाई १६० मे.वा.क्षमताको मुगु कर्णाली जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र मिति २०७४।८।७ मा प्राप्त भएको थियो । पूर्वसंभाव्यता अध्ययनका निश्कर्षहरूलाई आधार मान्दै हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.ले विस्तृत अध्ययन गर्न तथा वातावरणीय प्रभाव मुल्यांकनका लागि सबै भन्दा आकर्षक विकल्प छनौट गरेको छ । राष्ट्रिय निकुन्ज तथा बन्यजन्तुसंरक्षण विभाग, रारा राष्ट्रिय निकुन्जवाट संभाव्यता अध्ययनका लागि २०७८।१२।२५ मा र वातावरणीय प्रभाव मुल्यांकनका लागि मिति २०७९।६।५ मा सहमति प्राप्त भएको छ । आयोजनाको संभाव्यता अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकनको कार्य जारी छ ।

यस आयोजनाको अनुमतिपत्रमा उल्लेखित क्षेत्र विद्युत उत्पादन कम्पनी लि.लाई मिति २०७५।३।१५ मा प्रदान गरिएको मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको अनुमतिपत्रमा उल्लेखित क्षेत्रसंग दोहोरो परेको छ । विपिसिले मुगु कर्णाली जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्राप्त गरे पश्चात् विद्युत उत्पादन कम्पनी लि.लाई १९०२ मे.वा.को मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र जारी भएको थियो । सो दोहोरो परेको क्षेत्र समेतलाई समावेश गरी मुगु कर्णाली जलविद्युत आयोजना १७३.४७ मे.वा. मा निर्माण गर्न संभव देखिएको छ । उर्जा, जलश्रोत तथा सिंचाई मन्त्रालयले उक्त जलाशय आयोजनालाई राष्ट्रिय हितका लागि प्राथमिकता दिनुपर्ने र त्यसैकारण मुगु कर्णाली जलाशययुक्त जलविद्युत आयोजनालाई संभव बनाउनका लागि दोहोरो परेको क्षेत्र दिनुपर्ने धारणा राखेको छ र विपिसिलाई दोहोरो परेको क्षेत्रमा रहनु भन्दा आयोजनाको क्षेत्र माथी सार्न अनुरोध गरिएको छ । आयोजनाको उत्पादन अनुमतिपत्रको लागि विद्युत विकास विभागमा दरखास्त पेश गरिएको छ ।

हाल कर्णाली करिडोरमा प्रशारण लाईन छैन । तथापि वेतन कर्णाली आयोजनाका लागि वेतन फुकोट सम्म राष्ट्रिय प्रशारण ग्रीड कम्पनी लि.ले ४०० के.भी.को बोलपत्र शुरू गरिसकेको छ । विद्युत प्रशारणका लागि मुगु कर्णाली जलविद्युत आयोजनाको नजिक प्रशारण लाईन बन्ने निश्चित् भएपछि नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेन्ट गरिनेछ ।

## नवीन पहल कदमी

विपिसिलाई झिमरूक विद्युत गृहको हेडवर्क्स क्षेत्रमा ७ मे.वा.क्षमताको शौर्य विद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्राप्त भएको छ । सो आयोजनाको संभाव्यता अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण गर्ने एवं नेपाल विद्युत प्राधिकरणले शौर्य विद्युत आयोजनाको विद्युत खरिद दर घटाएको सन्दर्भमा आयोजनाको संभाव्यताको विश्लेषण भईरहेकोछ । स्वच्छ उर्जा तथा कार्वन इमिसिन घटाउने विश्वव्यापी लक्ष्यको सन्दर्भमा हाल हरित हाइड्रोजनको विकास एक नयाँ क्षेत्रकोरूपमा देखापरेको छ । हरित हाइड्रोजन व्यवसायका लागि आर्थिक हिसावले, प्राविधिकरूपमा तथा वजार दृष्टिले परिपक्व भएपछि सो व्यवसायमा प्रवेश गर्ने प्रक्रिया शुरू गरिने योजना रहेको छ ।

## संस्थागत सुशासन

नैतिक व्यवसायिक अभ्यासहरूको पालना तथा असल संस्थागत सुशासनका लागि विपिसि प्रतिवद्ध छ । आफ्नो दृष्टिकोण, लक्ष तथा मुल्य मान्यताहरूलाई पछ्याउने क्रममा नैतिक, इमान्दार तथा पारदर्शी भई शेयरधनीहरूको विश्वासलाई कायम राख्न हामी प्रयत्नरत् छौं । हामीसंचालक समितिको काम कारवाही तथा यसको कार्य संपादन, आन्तरिक नियन्त्रण प्रणाली एवं जोखिम व्यवस्थापनका सम्बन्धमा पारदर्शी रहने ध्येयले प्रत्येक वर्ष संस्थागत सुशासन प्रतिवेदन तयार गर्दछौ । संस्थागत मूल्य संरचनामा कम्पनीको दृष्टिकोण, लक्ष, मूल्य मान्यता, व्यवसायिक नीति तथा सिद्धान्तहरू, संस्थागत सुशासनका नियमहरू, आचरण तथा नैतिकता सम्वन्धी नियमहरू तथा निर्देशिकाहरू समाविष्ट छन् । सो मुल्य संरचना कम्पनीका कर्मचारी देखी संचालकहरू सम्म सबैलाई लागु हुन्छ । यसका मुलभुत पक्षहरू कानूनी

व्यवस्थाको पालना, स्वच्छता, पूर्णता, इमान्दातारिता तथा वातावरणीय प्रभाव तथा सरोकारवालाहरूको हितलाई मध्यनजर गर्दै व्यक्तिगत तथा व्यवसायिक सम्बन्धमा उच्च स्तरको नैतिकता तथा व्यवहारको अभ्यासका निमित्त प्रवृत्त हुने रहेका छन् । यसै भावका साथ प्रचलित कानून वमोजिम पेश गर्नु पर्ने प्रतिवेदनहरू समयमै नियमनकारी निकायहरूमा पेश गरिएको छ । संस्थागत सुशासन प्रतिवेदन कम्पनीको वार्षिक प्रतिवेदनमा अलग्गै प्रकाशित गरिएकोछ ।

संचालक समिति तथा यस अन्र्तगतका समितिहरू
यस बर्ष संचालक समितिमा कुनै हेरफेर भएको छैन । संचालक समितिले तोकिएका तीन समितिहरू –लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति र सम्पत्ति एवं दायित्व समिति एवं कम्पनीको आवश्यकता अनुसार अन्य पाँच समितिहरू गठन गरेको छ । आ.व. २०७८।७९ मा संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको सदस्यकोरूपमा संचालकहरूको कार्यसंपादन सन्तोषजनक रह्यो । कम्पनीको शेयर संरचना, संचालक समिति, यस अर्न्तगतका समितिहरूको विवरणहरू संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## कम्पनीको शेयर संरचना

कम्पनीको शेयर संरचनाका सम्बन्धमा संस्थागत सुशासन प्रतिवेदनमा उल्लेख गरिएको छ । आ.व. २०७८।७९ को अन्त्यमा शेयरधनीहरूको संख्या ७१,६१३ रहेको थियो ।

## व्यवस्थापन

यस कम्पनीको व्यवस्थापनको नेतृत्व प्रमुख कार्यकारी अधिकृत श्री उत्तर कुमार श्रेष्ठले गर्नु भएको छ । निजसंग नेपाल विद्युत प्राधिकरणको व्यवस्थापनमा काम गरेको लामो व्यवस्थापकीय अनुभव रहेको छ र विगत नौ वर्ष भन्दा बढी समय देखी सफलतापूर्वक यस कम्पनीको व्यवस्थापनको नेतृत्व गर्दै आउनु भएको छ । कम्पनीमो व्यवस्थापनमा कार्यरत् १८ जना समेत कुल १९१ जना कर्मचारीहरू कार्यरत् छन् । कर्मचारी यूनियनसंग मिति २०७८।८।१७ मा सामुहिक सौदावजीको सम्झौता गरिएको छ र सो सम्झौता २०८० सम्मका लागि कायम रहनेछ ।

आ.व. २०७८।७९ मा व्यवस्थापनले कम्पनीको दृष्टिकोण, लक्ष तथा मूल्यमान्यता अनुरूपका मुख्य मुख्य लक्षहरू संचालक समिति तथा यस अर्न्तगतका समितिहरूको रणनीतिक मार्गदर्शनमा सम्पन्न गर्दै कार्यसंपादनमा सुधार गरेको छ ।

## स्वास्थ्य, सुरक्षा तथा वातावरण

यस कम्पनीले क्ष्क्इ को मापदण्डहरू अनुसार गुणस्तर, वातावरण, पेशागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली विकास गरेको छ । सन् २००५ देखि क्ष्क्इ ९००१:२००८ (गुणस्तर व्यवस्थापन प्रणाली), क्ष्क्इ १४००१:२००४ (वातावरण व्यवस्थापन प्रणाली) र सन् २०१३ देखीं ISO १८००१:२००७ (पेसागत स्वास्थ्य तथा सुरक्षा व्यवस्थापन प्रणाली) प्रमाणपत्र कम्पनीले प्राप्त गरेको छ । प्रमाणिकरण गर्ने संस्था डीएनभी इण्डिया रहेको छ । त्यस पछि सन् २०१८ मा ISO ९००१:२०१५ र ISO १४००१:२०१५ तथा सन् २०२१ मा ISO ४५००१:२०१८ स्तरोन्नती गरिएको छ । उल्लेखित प्रमाणपत्रहरूको अवधी मे २०२३ सम्म रहेको छ । सो मापदण्डहरू एकिकृत व्यवस्थापन प्रणालीमा अवलम्वन गरिएको छ । निरन्तर सुधारका लागि एकिकृत व्यवस्थापन प्रणालीको आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गर्ने गरिएको छ ।

## कम्पनीको औधोगिक संलग्नता तथा बाह्य सम्बन्ध

यस कम्पनी आफ्ना सरोकारवालाहरूसंग जोडिएको छ र सेमिनार, तालिम, गोष्ठी तथा संस्थागत सामाजिक दायित्व अर्न्तगतका गतिविधीहरू जस्ता विभिन्न माध्यमहरूवाट सम्बन्ध अभिवृद्धि गर्नका लागि प्रतिवद्ध छ । यस कम्पनी नेपाल उद्योग वाणिज्य महासंघ, स्वतन्त्र उर्जा उत्पादक संघ, नेपाल हाइड्रोपावर एशोसिएशन, नेपाल उद्योग परिसंघ, इन्टरनेशनल हाइड्रोपावर सेन्टर, नर्वे, उर्जा विकास परिषद्, नेपाल टनेलिङ एशोशियसन तथा नेपाल व्यवस्थापन संघको संस्थागत सदस्य हो ।
यस कम्पनीले अन्तराष्ट्रिय वित्त निगम, विश्व बैक,

सिङ्गापुर स्थित इन्फ्राको एसिया, नर्वे स्थित स्टाटक्राफ्ट एएस, क्यानाडा स्थित एससीपीएचआई जस्ता अन्तराष्ट्रिय संस्थाहरूसंग जलविद्युत आयोजनाहरू विकासका लागि विभिन्न क्षेत्रमा साझेदारी गरेको छ । यस कम्पनीले थप तीन चिनिया ख्यातीप्राप्त कम्पनीहरू: Sichuan Provincial Investment Group Co. Ltd, Chengdu Xingcheng Investment Group Co. Ltd. र Qing Yuan Engineering Consulting Co. Ltd. संग मर्स्याङ्दी क्यासकेड आयोजनाहरू निर्माणका लागि साझेदारी निर्माण गरेको छ ।

## संस्थागत जोखिम व्यवस्थापन

जोखिम व्यवस्थापन व्यवसायिक पहल, निर्णय तथा कार्यान्वयनको एक महत्वपूर्ण हिस्साकोरूपमा रहेको छ । यस कम्पनीले आफ्ना जोखिमहरुको व्यवस्थापन उपयुक्त तरीकावाट भएको सुनिश्चित गर्नका लागि जोखिम पहिचान, मुल्यांकन, योजना निर्माण तथा न्यूनिकरण गर्दै निरन्तररूपमा व्यवस्थापनका विभिन्न तहमा जोखिमहरुको अनुगमन गर्दै आएको छ । कम्पनीमा जोखिमको असल व्यवस्थापन सुनिश्चित् गर्न जोखिम व्यवस्थापन समितिले व्यवस्थापनको अनुगमन तथा मार्गदर्शन गर्ने एवं संचालक समितिलाई सिफारिस गर्ने गर्दछ । कम्पनीमा सुस्पष्ट जोखिम व्यवस्थापन प्रणाली लागु गरिएको छ ।

## आन्तरिक नियन्त्रण तथा जवाफदेहीता

कम्पनीमा आन्तरिक नियन्त्रण तथा जवाफदेहीता प्रणाली लागु गरिएको छ । नियन्त्रणको वातावरण तथा जवाफदेहीताको अनुगमन लेखापरीक्षण समिति तथा संचालक समितिले गर्दछ । व्यवस्थापकिय प्रणालीहरूको निरन्तर सुधार तथा कार्यान्वयनका निमित्त आवधिकरूपमा आईएसओको आन्तरिक तथा बाह्य लेखापरीक्षणहरू गरिएको छ । साथै, कम्पनीले आफ्नो आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापनको मुल्यांकन गर्नको लागि स्वतन्त्र लेखापरीक्षकवाट आन्तरिक लेखापरीक्षण गराउँदै आएको छ । आन्तरिक लेखापरीक्षकका सिफारिसहरू तथा लेखापरीक्षण समितिका निर्णयहरू कार्यान्वयन गरिएको छ । श्री पि.एल श्रेष्ठ एण्ड कम्पनी, चार्टर्ड एकाउन्टेन्टस्, ले आ.व. २०७८।७९ मा कम्पनीको आन्तरिक लेखापरीक्षणको कार्य गरेको थियो ।

## वाह्य लेखापरीक्षण

श्री जोशी एण्ड भण्डारी, चार्टर्ड एकाउन्टेन्टस्ले यस कम्पनीको आ.व. २०७८।७९ को हिसाव किताव लेखापरीक्षण गर्‍यो । लेखापरीक्षकले कम्पनीको वित्तिय विवरणहरूका सम्बन्धमा कुनै नकारात्मक टिप्पणी नभएको प्रतिवेदन जारी गरेको छ ।

## शेयरधनीहरुको सुझाव तथा संचार

शेयरधनीहरूवाट प्राप्त सुझावहरूलाई सकरात्मक लिइएको छ र त्यसको गाम्भिर्यता तथा कम्पनीको व्यवसायिक हितका आधारमा कार्यान्वयन गरिएको छ । कम्पनीको त्रैमासिक प्रतिवेदन, संक्षिप्त आर्थिक प्रतिवेदन, वार्षिक प्रतिवेदन, बार्षिक साधारण सभाको निर्णय पुस्तिकाहरू शेयरधनीहरुको जानकारीको लागि कम्पनीको वेभपेजमा हेर्न मिल्ने व्यवस्था मिलाइएको छ । कम्पनीले आफ्नो निरन्तर सुधारका लागि शेयरधनीहरूलाई सुझावहरू दिन प्रोत्साहित गर्दछ र शेयरधनीहरूका सुझावहरुको स्वागत गर्दछ ।

## शेयर रजिष्ट्रार तथा शेयर कारोवार

मिति २०७७ श्रावण १ देखी नारायणचौर, नक्साल, काठमाण्डौ स्थित नविल इन्भेष्टमेन्ट बैकिङ लि. यस कम्पनीको शेयर रजिष्ट्रार रहेको छ । यस वर्ष कुनै शेयर जफत गर्ने वा कम्पनी आफैंले खरिद गर्ने कार्य गरेको छैन । कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरुको सारसंक्षेप निम्न अनुसार रहेको छ:

**कम्पनीको वार्षिक शेयर कारोवारको मुख्य मुख्य विवरणहरुको सारसंक्षेप**

| वर्ष | अधिकतम मूल्य | न्यूनतम मूल्य | अन्तिम मूल्य | कारोवार दिन | कारोवार संख्या | कारोवार शेयर | कारोवार रकम रु. |
|---|---|---|---|---|---|---|---|
| २०७८।७९ | ७०३ | २९४ | ३२२ | २३९ | ९२,०७८ | १,०५,३५,३६० | ५७३.५ करोड |
| २०७७।७८ | ५९० | ३४३ | ५०६ | २३३ | ९९,१६१ | १,६७,५२,८१० | ७७१.७ करोड |

## सम्बद्ध पक्षसंगको कारोवारहरुः

यस कम्पनीले सहायक कम्पनीहरूसंग उत्तम औधोगिक प्रचलनहरू तथा प्रचलित कानून अनुसार व्यवसायिक हिसावले कारोवार गर्दछ । कम्पनीले आफ्ना सहायक तथा संलग्न कम्पनीहरूसंग गरेका मुख्य मुख्य सबै कारोवारहरूका सम्बन्धमा आ.व. २०७८।७९ को वित्तिय विवरणहरूको नोटमा उल्लेख गरिएको छ ।

## व्यवसाय तथा लगानीको वातावरण

देशको विद्युत प्रणालीमा गत वर्ष ४५६ मे.वा.को माथिल्लो तामाकोशी सहित ७३५ मे.वा. थप भई कुल जडित क्षमता २१९० मे.वा. पुगेको छ । कुल जलविद्युत उत्पादनको ४९% तथा शौर्य उर्जा उत्पादनको ६१% स्वतन्त्र उर्जा उत्पादकहरूको योगदान रहेको छ । हाल ९६% विद्युत उत्पादन जलविद्युतवाट र बाँकी २% थर्मल तथा शौर्य उर्जावाट रहेको छ । देशको व्यापार घाटा कम गर्न तथा मौसमी जगेडा उर्जाको व्यवस्थापनको प्रयास स्वरूप नेपाल विद्युत प्राधिकरणले ३६४ मे.वा. विद्युत इण्डियन इनर्जी एक्चेन्जको डे अहेड वजार मार्फत भारतमा निर्यात गर्दै आएको छ । छिमेकी राष्ट्रहरूमा खनिज इन्धनमा रहेको अन्तरनिर्भरता रहेको हुँदा रूस तथा युक्रेन बीचको द्वन्दले उर्जा अभावको अवस्था सृजना गरेको छ र दिगो उर्जा स्रोत तथा स्वच्छ उर्जा तर्फ लाग्ने कोप २१ पेरिस सम्झौताको लक्षका सन्दर्भमा हाम्रो जलविद्युत उर्जाको उत्तम स्रोतकोरूपमा देखिएको छ । अर्कोतर्फ जारी द्वन्दका कारण विश्व अर्थव्यवस्थामा मुलतः हाम्रो जस्तो विकासशिल राष्ट्रहरूमा नकारात्मक प्रभाव परेको छ । पेट्रोलियम पदार्थमा उल्लेखितरूपमा भएको मूल्यबृद्धि, मुद्रा स्फिती, बढ्दो बैंक व्याजदर तथा उपभोग्य वस्तुहरूको महङ्गाईका कारण जनतालाई जोहो गर्न कठिनाई भईरहेको छ । त्यसको परिणामस्वरूप चालु जलविद्युत आयोजनाहरूको लागत बढेको छ, जसले आयोजनाको समग्र वित्तिय संभाव्यतालाई प्रभावित गरेको छ ।

हाल राष्ट्रिय ग्रिडमा पहुँच पुगेको जनसंख्या ९३% रहेको छ । नेपाल सरकारले आ.व. २०२३।२४ भित्र विद्युतमा सबैको पहुँच पुर्‍याउने लक्ष राखेको छ । देशभित्र विद्युतको खपतलाई बढाउनका लागि एलपीजी ग्यास छोडेर विद्युत उपयोग गरौं भन्ने सरकारको प्राथमिकता रहेको छ । विद्युतीय यातायात साधनको प्रयोग, उद्योगको प्रवर्द्धन, विद्युतीय सिंचाई प्रणाली तथा अन्य उपयोगको बढोत्तरीले देशभित्र विद्युत खपत बढेको छ । सरकारले जलविद्युतको विकास र निर्यातलाई आफ्नो मुख्य विकास लक्ष्यकोरूपमा लिएको छ । तथापि नयाँ विद्युत विधेयक अझै कानून बन्न बाँकी रहेका कारण त्यसमा स्पष्टता छैन ।

आ.व. २०७६।७७ को मध्यवाट शुरू भएको कोभिड १९ को महामारी हाल विश्वव्यापी महामारीकैरूपमा रहेको छ । जसले स्वस्थ्य संकटको अवस्था उत्पन्न गरेको मात्र नभएर देशको आर्थिक गतिविधिहरूलाई पछि धकेलिदिएको छ । तिव्ररूपमा संचालन गरिएको खोप कार्यक्रमले गर्दा रोगको गम्भिरता तथा मृतकको संख्या घटेको छ र देशमा व्यवसायिक वातावरण तथा आर्थिक गतिविधीको पुर्नस्थापना गर्दै मानव जीवन सामान्य अवस्थामा आएको छ ।

नेपाल विद्युत प्राधिकरणले स्वतन्त्र उर्जा उत्पादकहरूवाट विद्युत खरिद गत आ.व. २०२०।२१ वाट ३९% ले बढेर ४,२८६ गिगावाट आवर विद्युत पुगेको छ । गत वर्षको तुलनामा यस वर्ष विद्युत आयात ४५% ले घटेको छ । आ.व. २०२१।२२ मा प्रणालीमा उपलब्ध उर्जा २५% ले बढेर ११,०६४ पुगेको छ । कुल उपलब्ध उर्जा मध्ये नेपाल विद्युत प्राधिकरण र यसका सहायक कम्पनीहरूको योगदान ४७.३२% रहेको छ, जवकि १३.९४% उर्जा भारतवाट आयात गरिएको थियो र ३८.७४% स्वतन्त्र उर्जा उत्पादकहरूवाट आपूर्ति भएको थियो । उत्पादन क्षमताका हिसावले स्वतन्त्र उर्जा उत्पादकहरूको १०२० मे.वा. जलविद्युत तथा ३३ मे.वा. शौर्य उर्जा रहेको छ । जवकि नेपाल विद्युत प्राधिकरण एक्लैको ५८३ मे.वा. जलविद्युत, २२ मे.वा. शौर्य उर्जा र ५३ मे.वा. थर्मल उर्जा रहेको छ । विद्युत उत्पादनमा निजी उत्पादकहरूको हिस्सा बढ्दो छ । महामारीबाट छुटकारा भएसंगै आर्थिक गतिविधिहरू बढेर चालु आ.व.मा अघिल्लो वर्षको तुलनामा २१.२८% ले उर्जा खपत बढेको छ ।

स्वतन्त्र उर्जा उत्पादकहरूले राष्ट्रिय ग्रिडमा विद्युत आपूर्ति गर्नुको अतिरिक्त विद्युत व्यापार कम्पनी मार्फत छिमेकी राष्ट्रहरूमा विद्युत निर्यात गर्न खोजिरहेका छन् । नेपाल भारत बीचको ढल्केवर देखी मुजफ्फरपुर सम्मको पहिलो ४०० के.भी.को अन्तरदेशीय प्रशारण लाईन हाल पूर्णरूपमा संचालनमा छ । अन्य तीन अन्तरदेशीय प्रशारण लाईनहरू निर्माणको प्रक्रिया चलिरहेकोछ ।

सरकारको निर्देशिका अनुसार नेपाल विद्युत प्राधिकरणले निजी कम्पनीहरूसंग 'लिउ वा तिर' प्रवन्धमा विद्युत खरिद बिक्री सम्झौता गर्ने कार्य स्थगन गरेको छ । सरकारले प्रर्वद्धकहरूलाई सर्वेक्षण, अध्ययन तथा वातावरणीय प्रभाव मुल्यांकन कार्यहरूका लागि अनुमतिपत्र जारी गर्दै आएको छ । तथापि, कनेक्सन एग्रिमेन्ट तथा विद्युत खरिद बिक्री सम्झौता गर्नका लागि अनुरोध गर्दा नेपाल विद्युत प्राधिकरणले विद्युत खरिद बिक्री सम्झौतालाई 'लिउ र तिर' प्रवन्धमा आधारित सम्झौताकोरूपमा व्यवहार गर्नका लागि धेरै शर्तहरू तोक्ने गरेकोछ । नेपाल विद्युत प्राधिकरणवाट विद्युत खरिद बिक्री सम्झौताको सुनिश्चितता विनानै प्रर्वद्धकहरू विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया शुरू गर्दा सम्म ठुलो लगानीको भार बहन गर्नका लागि बाध्य छन् । वजारमा माग तथा आपूर्तिको अवस्थाको अध्ययन गरेरमात्र विद्युत खरिद बिक्री सम्झौता गर्नुपर्ने सरकारको विश्वास छ । यसले जलविद्युत आयोजनामा लगानी स्वरूप पहिला गरिएका खर्चहरू जोखिममा पारेका छन् । जलविद्युत क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्न व्यवसाय तथा लगानी मैत्री समुचित वातावरण जस्तै द्रुत नियमकीय स्वीकृति प्रक्रिया, नीतिगत एकरूपता तथा विद्युत खरिद बिक्री एवं जग्गा प्राप्तीमा सहजिकरण जस्ता उपायहरू हुन् । हेजिङ नियमावली जारी भई त्यसमा संशोधन समेत गरेको भएपनि मर्स्याङदी क्यासकेड आयोजनाहरू जस्ता प्रत्यक्ष विदेशी लगानी भएको आयोजनाहरू आकर्षित गर्न हेजिङको खर्च, जोखिम बाँडफाँडको प्रवन्ध तथा कार्यान्वयन समय तालिकाका विषयमा स्पष्टता छैन । अनुकुल हेजिङ नीति नभएसम्म अन्तराष्ट्रिय वित्तिय संस्थाहरूवाट वित्तिय व्यवस्थापन गर्न निकै चुनौतिपूर्ण देखिन्छ ।

हाल कुल ३००० मे.वा. भन्दा बढी जडित क्षमताका जलविद्युत आयोजनाहरू निर्माणाधिन छन् । यद्यपी, नेपाल विद्युत प्राधिकरण खासगरी वर्षातको समय विद्युत खेर जाने विषयमा चिन्तित देखिन्छ । सो जोखिम चालु आयोजनाहरूको विद्युत खरिद बिक्री सम्झौतालाई ढिला गरेर तथा 'लिउ वा तिर' प्रवन्धमा विद्युत खरिद बिक्री सम्झौता भएका संचालनमा रहेका आयोजनाहरूवाट समेत आंशिकरूपमा विद्युत आपूर्ति लिएर स्वतन्त्र उर्जा उत्पादकहरूलाई सो जोखिम सार्ने काम भएको छ । यस परिदृष्यमा खाना पकाउन, यातायातमा, सिचाई तथा कृषि आदिका लागि विद्युत प्रयोग गरी आन्तरिक खपत बढाउनु पर्दछ । नेपाल विद्युत प्राधिकरणका प्रशारण लाईनहरूको निर्माणमा ढिलाई भएका कारण विभिन्न जलविद्युत गृहहरूले आफ्नो क्षमता अनुसार विद्युत आपूर्ति गर्न सकिरहेका छैनन । विद्युतको आन्तरिक खपत बढाउनका लागि निर्माणाधिन तथा योजनामा परेका प्रशारण लाईनहरू समयमै निर्माण तथा वितरण प्रणालीको सुदृढीकरण एकदमै महत्वपूर्ण छ ।

## अबको वर्ष:

आगामी वर्ष मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको निर्माण प्रारम्भ गर्ने तथा कावेली ए जलविद्युत आयोजनाको निर्माण पूनः सूचारू गर्ने हिसावले चुनौतिपूर्ण हुनेछ । मर्स्याङदी क्यासकेड आयोजनाहरू अर्न्तगतका अन्य दुई आयोजनाहरू सम्बन्धमा तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौताको प्रारम्भिक मस्यौदामा हस्ताक्षर गर्ने तथा मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको सर्वेक्षण अनुमतिपत्र प्राप्ती तथा विस्तृअ अध्ययन प्रतिवेदन स्वीकृति भएपछि आयोजना विकास सम्झौताको वार्ता शुरू गरिनेछ । तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको बैंक लगानीयोग्य बिद्युत खरिद बिक्री सम्झौता गर्ने, मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन गरी निर्माण प्रारम्भ गर्ने योजना रहेको छ । कावेली ए जलविद्युत आयोजना पूनः सुचारू गर्ने प्रक्रिया जारी छ र

सो आयोजनाको विद्युत खरिद बिक्री सम्झौतामा संशोधन, वित्तिय व्यवस्थापन तथा निर्माण प्रारम्भको कार्यहरू यसै वर्ष हुने अपेक्षा गरिएको छ । आ.व. २०७९।८० मा निम्न कार्यहरू सम्पन्न गर्ने तालिका बनाईएको छ ।

- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना विकास सम्झौता गर्ने ।
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने ।
- मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको विस्तृत अध्ययन प्रतिवेदन स्वीकृत भई आयोजना विकास सम्झौताको वार्ता प्रारम्भ गर्ने ।
- मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको कनेक्शन एग्रिमेन्ट गर्ने ।
- चिनिया साझेदाहरूसंग मिलेर तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको आयोजना कम्पनी दर्ता गर्ने र आयोजनाको अनुमतिपत्र सो कम्पनीमा हस्तान्तरण गर्ने ।
- चिनोखोला जलविद्युत आयोजनाको आयोजना कम्पनी दर्ता तथा वित्तिय व्यवस्थापन गरी आयोजनाको निर्माण प्रारम्भ गर्ने ।
- मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको वित्तिय व्यवस्थापन तथा इपीसी ठेक्का सम्झौता गरी निर्माण प्रारम्भ गर्ने ।
- कावेली ए जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता संशोधन तथा वित्तिय व्यवस्थापन गरी निर्माण कार्य पूनः सुचारू गर्ने ।
- हरित हाइड्रोजन जस्ता नयाँ व्यवसायिक अवसरहरूको खोजी गर्ने ।

## कृतज्ञता ज्ञापन

कम्पनीको प्रगतिको लागि आ.व. २०७८।७९ मा कम्पनीको सुधारका लागि नेपाल सरकार तथा यसका निकायहरू, विद्युत नियमन आयोग, नेपाल राष्ट्र बैंक, लगानी बोर्ड, नेपाल धितोपत्र बोर्ड, नेपाल विद्युत प्राधिकरण, विदेशी साझेदारहरू, सेवाग्राही, ठेकेदारहरू, बिक्रेता, सप्लायर, संवद्ध संस्थाहरू, वैंकहरू, लेखापरीक्षकहरू, उपभोक्ताहरू र अन्य संस्था तथा व्यक्तिहरूवाट भएको योगदानको कदर गर्दछौ ।

संचालक समिति अर्न्तगतका समितिहरूका सदस्यहरू, व्यवस्थापन समूह तथा कर्मचारीहरूलाई कम्पनीलाई अगाडि बढाउने कार्यका लागि तथा शेयरधनीहरूलाई हामी प्रति देखाउनुभएको विश्वासको कदर गर्दछौ ।

धन्यवाद ।

संचालक समितिको तर्फवाट<br>
पद्म ज्योति<br>
अध्यक्ष

मितिः

# संक्षिप्त आर्थिक प्रतिवेदन

## आ.व. २०७८/७९ को संक्षिप्त आर्थिक प्रतिवेदन

**शेयरधनीज्यूहरु,**

यस कम्पनीको मिति २०७९।९।३० गते सम्पन्न हुने ३०औं साधारण सभाको प्रयोजनका लागि कम्पनी ऐन, २०६३ को दफा ८४ अनुसार तयार गरिएको यो संक्षिप्त आर्थिक प्रतिवेदन शेयरधनीहरूको जानकारीका लागि प्रकाशित गरिएको छ ।

१. कम्पनीले आ.व.२०७८।७९ मा संचालन आम्दानी तथा वित्तीय आम्दानीमा उल्लेखनिय बृद्धि गर्न सफल भएको छ । तर, लगानीवाट प्राप्त लाभांश आम्दानीमा आएको उल्लेख्य गिरावट तथा अपेक्षित पुजीगत लाभकर आम्दानी प्राप्त हुन नसकेका कारण खुद मुनाफामा गत वर्षको तुलनामा ४५.३७% ले ह्रास आएको छ । जस अनुसार कम्पनीको खुद मुनाफा रू. २७,४१,५०,२३६ र प्रति शेयर आम्दानी रू. ८.४४ रहेको छ ।

३. आ. व. २०७८।७९ मा यस कम्पनी अर्न्तगतका समूह कम्पनीहरूमध्ये हाइड्रोकन्सल्ट इन्जिनियरिङ लि.को कार्यसंपादन सन्तोषजनक रह्यो भने अन्य कम्पनीहरूको कार्य संपादनमा ह्रास आएको छ । हाल सम्म यस कम्पनीले आफ्ना सहायक तथा सम्वद्ध कम्पनीहरूमा रू. ३,५०,५२,७६,४४५/- लगानी गरिसकेको छ । आ. व. २०७८।७९ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप यस प्रकार रहेको छ ।

४. नेपाल विद्युत प्राधिकरणसंग भएको संझौता अनुसार हिमाल पावर लिमिटेडले आफ्नो ६० मेगावाट क्षमताको खिम्ती प्रथम जलविद्युत आयोजनाको ५० प्रतिशत स्वामित्व नेपाल विद्युत प्राधिकरणलाई आ.व. २०७७।७८ देखि निशुल्क हस्तान्तरण गर्नुपर्ने तथा विद्युत खरिद बिक्री

**२. कम्पनीको वित्तिय अवस्थाको सारसंक्षेप निम्न अनुसार रहेको छ ।**

| विवरण | आ.व. २०७८।७९ रू. | आ.व. २०७७।७८ रू. | परिवर्तन |
|---|---|---|---|
| नेपाल विद्युत प्राधिकरणलाई बिद्युत बिक्री | ५२,६७,६१,८०३ | ४२,३७,२४,६५७ | २४.३२% |
| उपभोक्तालाई बिद्युत बिक्री तथा सेवाहरू | २३,९४,७९,५५६ | २१,३९,८८,९३१ | ११.९१% |
| उत्पादन खर्च | २९,५७,९२,७९१ | ३१,२१,८०,९०३ | -५.२५% |
| वितरण खर्च | १३,७८,७४,९३३ | १२,४१,६०,४२५ | ११.५०% |
| कूल संचालन मुनाफा | ३४,१३,८१,१०२ | २०,९८,००,५९५ | ६२.७२% |
| अन्य आय (प्राप्त लाभांश समेत) | ४,००,२९,०९३ | ६८,७७,१५,२२१ | -९४.१८% |
| प्रशासनिक तथा अन्य खर्च | १२,७४,२७,०३२ | १२,७७,३९,४७९ | -०.२४% |
| ब्याज तथा कर अघिको नाफा | २६,१८,२२,२४९ | ५२,५५,०६,६१३ | -५०.१८% |
| कर अघिको नाफा | ३४,८९,४१,०३४ | ५६,४६,०२,७८१ | -३८.२०% |
| कर पछिको खुद मुनाफा | २७,४१,५०,२३६ | ५०,१८,१५,६७४ | -४५.३७% |
| अन्य कम्पनीहरूमा लगानी | ३,५०,५२,७६,४४५ | ३,३०,३६,८०,४५६ | ६.१०% |
| प्रतिशेयर आम्दानी | ८.४४ | १५.४६ | |
| खुद सम्पत्ति (नेटवर्थ) | ६,९६,८१,९३,९१६ | ७,००,९३,९१,१०४ | -०.५९% |

**आ. व. २०७८।७९ को समूहगत एकिकृत वित्तिय अवस्थाको सारसंक्षेप**

| विवरण | आ.व. २०७८।७९ रू. | आ.व. २०७७।७८ रू. | परिवर्तन |
|---|---|---|---|
| आम्दानी | २,८२,११,०६,८८२ | २,६५,८७,४४,२८३ | ६.११% |
| विक्री लागत | २,२६,१४,९६,३७१ | २,३४,६७,८७,५१० | -३.६३% |
| कूल मुनाफा | ५५,९६,१०,५११ | ३१,१९,५६,७७३ | ७९.३९% |
| ब्याज तथा कर अधिको नाफा | ३५,०४,५२,४७९ | ७६,९१,२०,७७६ | -५४.४३% |
| कर अधिको खूद मुनाफा | ३२,०७,०१,८१७ | ३९,३५,१०,४०५ | -१८.५०% |
| कर पछिको खूद मुनाफा | २२,८३,१७,०३४ | ३१,४६,५५,४८९ | -२७.४४% |
| नियन्त्रक कम्पनीको मालिकको लागि नाफा | २३,९४,०२,३९१ | ३३,९१,२८,९५५ | -२९.४१% |
| नियन्त्रण नहुने स्वार्थ/हितका लागि नाफा | -१,१०,८५,३५७ | -२,४४,७३,४७४ | -५४.७०% |
| प्रतिशेयर आम्दानी रू. | ७.३७ | १०.४५ | |
| खूद सम्पत्ति (नेटवर्थ) | ७,५५,१६,९९,५३७ | ७,२०,५१,३४,३०१ | ४.८१% |

सम्झौतामा पनि पुनरावलोकन भई नयाँ दर कायम हुने भएबाट आगामी आ.व. देखि उक्त कम्पनीबाट पाउने लाभांशमा उल्लेखनीयरूपले ह्रास आउने देखिन्छ । हिमाल पावर लिमिटेड र नेपाल विद्युत प्राधिकरण बीच अन्तरीम प्रवन्धमा सहमति भई सो अनुसार उल्लेखित आयोजना संचालन भईरहेको छ र छिट्टै स्थायी प्रवन्धमा सहमति भई सो कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ ।

५. आ.व. २०७८।७९ मा आँधीखोला तथा झिमरूक बिद्युत गृहहरूवाट १५५.२६ गिगावाट आवर विद्युत उत्पादन भयो । यो गत वर्षको उत्पादन भन्दा २१.७६% ले बढी हो । सो उत्पादित विद्युत मध्ये ६८.८८% नेपाल विद्युत प्राधिकरण र बाँकी आफ्नै वितरण प्रणालीमा आवद्ध उपभोक्तालाई विक्री गरिएको थियो ।

६. कम्पनीले आफैं तथा सहायक एवं सम्बद्ध कम्पनीहरू मार्फत विकास गरेका आयोजनाहरूको प्रगति तथा बस्तुस्थिती निम्न वमोजिम रहेको छः

(क) न्यादी हाइड्रोपावर कम्पनी लि.ले प्रवर्द्धन गरेको न्यादी जलबिद्युत आयोजना (३० मेगावाट) को निर्माण कार्यसम्पन्न भई बैशाख २७, २०७९ देखि विद्युत उत्पादन प्रारम्भ गरेको छ । यस आयोजनाले हाल बैकल्पिक व्यवस्था अन्तर्गत संचालित प्रसारण प्रणाली मार्फत उर्जा आपुर्ति गर्दै आएको हुंदा बार्षिकरूपमा १६८ गिगावाट आवर विद्युत उत्पादन गर्ने लक्ष रहेता पनि पुर्ण क्षमतामा संचालन हुन सकेको छैन । यसको २७% शेयर स्वामित्व सर्वसाधारणको रहेको छ ।

(ख) कावेली ए जलबिद्युत आयोजना (३७.६ मेगावाट) को निर्माण कार्य रोकिएको छ । नेपाली रूपैंयामा विद्युत खरिद विक्री तथा आन्तरिक श्रोतबाट वित्तीय व्यवस्थापन गरी पिपिए संसोधन सहित विद्युत उत्पादन गर्ने गरी पुनः संचालनमा ल्याउने योजना सहित आयोजना कम्पनीले निर्माण कार्य पूनः शुरू गरिने कार्य अगाडि वढाइएको छ । यस अन्तर्गत पिपिए संसोधनको लागि नेपाल विद्युत प्राधिकरणबाट आवश्यक स्वीकृती लिने प्रकृयामा रहेको छ ।

(ग) मर्स्याङदी नदीमा मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३५ मेगावाट), तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना (१३९.२ मेगावाट) र अपर मर्स्याङदी दोश्रो जलविद्युत

आयोजना (३२७ मेगावाट) लाई क्यासकेड आयोजनाको अवधारणामा निर्माण गर्नका लागि चिनिया साझेदार कम्पनीहरू Sichuan Provincial Investment Group Co. Ltd (SCIG), Chengdu Xingcheng Investment Group Co. Ltd. (CXIG) and Qing Yuan Engineering Consulting Co. Ltd. (QYEC) संग आवश्यक सम्झौताहरू भई उक्त आयोजनाहरूका कम्पनीहरूमा यस कम्पनीको करीव २०% शेयर स्वामित्व हुनेछ ।

मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३५ मे.वा.को लागि विद्युत खरिद बिक्री सम्झौता र पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । आयोजना विकास सम्झौताका लागि मन्त्रीपरिषदबाट अन्तिम स्वीकृत प्राप्त गर्ने चरणमा रहेको छ भने चालु आर्थिक वर्ष भित्रै यस आयोजना निर्माण कार्य शुरू गर्ने योजना अन्तर्गत ठेकेदार चयन तथा वित्तीय व्यवस्थापनसंग सम्वन्धित कार्य अगाडि वढीरहेको छ । तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजनाको १३९.२ मे.वा.को लागि विद्युत उत्पादन अनुमतिपत्र प्राप्त भई विद्युत खरिद बिक्री सम्झौताको प्रक्रिया अगाडि बढीरहेको छ । लगानी वोर्डवाट लगानी स्वीकृति प्राप्त भई उद्योग विभागमा यस आयोजनाको उद्योग दर्ता भैसकेको छ र छुट्टै कम्पनी स्थापनाको प्रकयामा रहेको छ । यसै गरी ३२७ मे.वा.क्षमताको अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको पुरक वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत भएको छ । विस्तृत आयोजना प्रतिवेदन तयार गरी स्वीकृतीको लागि लगानी वोर्डमा पेश गरी सकेको छ भने पिपिएको लागि नेपाल विद्युत प्राधिकरणमा प्रकृया अगाडि वढी रहेको छ ।

(घ) चिनोखोला जलविद्युत आयोजना (७.९ मेगावाट) को संभाव्यता अध्ययन कार्य सम्पन्न भएको छ । बातावरणीय प्रभाव मुल्यांकन प्रतिवेदन स्वीकृत भएको छ । उद्योग विभागमा यस आयोजनाको उद्योग दर्ता भैसकेको छ भने नेपाल विद्युत प्राधिकरणसंग कनेक्सन एग्रिमेण्ट भैसकेको छ । यस आयोजनाको उत्पादन अनुमतिपत्र लिन तथा विद्युत खरिद बिक्री सम्झौता गर्नका लागि दरखास्त पेश गरी सो स्वीकृतिको प्रक्रियामा रहेको छ ।

(ङ) मुगु कर्णाली जलविद्युत आयोजना (१६० मेगावाट) के सर्वेक्षण अनुमतिपत्र प्राप्त भई पूर्ब संभाव्यता अध्ययनको कार्य सम्पन्न भएको छ । विस्तृत संभाव्यता अध्ययन कार्य तथा बातावरणीय प्रभाव मुल्यांकनको कार्य अगाडि बढेको छ । राष्ट्रिय निकुन्ज एवं वन्यजन्तु संरक्षण विभाग तथा रारा राष्ट्रिय निकुन्जबाट सम्भाव्यता तथा वातावरणिय प्रभाव मुल्यांकन अध्ययनको लागि स्वीकृत प्राप्त भई तत्सवन्धी कार्य अघि वढी रहेको छ ।

**७. आ.व. २०७८।७९ मा निम्न कार्यहरु गरिनेछ ।**

- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना र चिनोखोला जलविद्युत आयोजनाको विद्युत खरिद बिक्री सम्झौता गर्ने ।
- मनाङ मर्स्याङदी जलविद्युत आयोजना विकास सम्झौता गर्ने, ठेकेदार चयन र वित्तिय व्यवस्थापन गरी निर्माण सुरू गर्ने ।
- अपर मर्स्याङदी दोश्रो जलविद्युत आयोजनाको विस्तृत आयोजना प्रतिवेदन लगानी बोर्डबाट स्वीकृति प्राप्त गर्ने र आयोजना विकास सम्झौता प्रकृया अगाडि वढाउने ।
- तल्लो मनाङ मर्स्याङदी जलविद्युत आयोजना तथा चिनोखोला जलविद्युत आयोजनाको आयोजना कम्पनी गठन गर्ने ।
- कावेली ए जलविद्युत आयोजनाको वित्तीय व्यवस्थापन र पिपिए संसोधन गरी निर्माण कार्य पूनः शुरू गरिने ।

८. कम्पनीको संचालक समितिले नेपाल धितोपत्र बोर्डले जारी गरेको सूचीकृत कम्पनीहरूको संस्थागत सुशासन निर्देशिका, २०७४ बमोजिम लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन

समिति, सम्पत्ति तथा दायित्व व्यवस्थापन समितिका साथै वित्त समिति पनि गठन गरेको छ । साथै, संचालक समितिले परिपालना अधिकृत समेत नियुक्त गरेको छ । कम्पनीले आफ्नो श्रम लेखापरीक्षण कार्य सम्पन्न गरी श्रम लेखापरीक्षण प्रतिवेदन श्रम कार्यालयमा पेश गरेको छ । कम्पनीले ऐन नियम अनुसार प्रकाशित गर्नु पर्ने त्रैमासिक प्रतिवेदनहरू लगायतका प्रतिवेदनहरू प्रकाशित गर्दै आएको छ ।

९. प्रस्तुत संक्षिप्त आर्थिक विवरण कम्पनीको वार्षिक आर्थिक विवरणहरू र संचालक समितिको प्रतिवेदनवाट संक्षेपीकरण गरिएको हो । उल्लेखित आर्थिक विवरणहरू तथा बार्षिक प्रतिवेदन कम्पनीको वेभ साईट www.bpc.com.np मा हेर्न र डाउनलोड गर्न सकिने व्यवस्था गरिएको छ ।

**उत्तर कुमार श्रेष्ठ**
प्रमुख कार्यकारी अधिकृत

**सि.ए. प्रविण कुमार झा**
साझेदार
जोशी एण्ड भण्डारी
चार्टर्ड एकाउन्टेन्टस्

## २०७९ आषाढ ३२ गतेको
# वित्तिय अवस्थाको विवरण

| विवरण | आ.व. २०७८/७९ रू. | आ.व. २०७७/७८ रू |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| जायजेथा, प्लाण्ट तथा उपकरण | २८४,५९१,०३७ | २९८,८४४,०४७ |
| पूँजीगत कार्य प्रगति | १,९२२,१३० | १,९२२,१३० |
| अदृष्य सम्पत्ति | १,८९६,३६८,५४४ | १,८६४,५२६,३९६ |
| आयोजना कार्य प्रगति | ३१३,९५१,३५९ | २८५,५५८,४५९ |
| वित्तीय सम्पत्ति | | |
| सहायक तथा सम्बद्ध कम्पनीमा लगानी | २,६९४,९८६,४३० | २,४६६,६६८,२७६ |
| अन्य लगानी | ८१०,२९०,०१५ | ८३७,०१२,१८० |
| अन्य गैर चालू सम्पत्ति | - | १०,३८४,३७५ |
| **जम्मा गैर चालू सम्पत्ति** | **६,००२,१०९,५१५** | **५,७६४,९१५,८६३** |
| **चालु सम्पत्ति** | | |
| मौज्दात | ५५,३६४,५३० | ५०,८७३,४०० |
| वित्तीय सम्पत्ति | | |
| व्यापारिक आसामी लिनुपर्ने | १०७,४७३,३०० | ९३,०३८,५०१ |
| नगद तथा नगद समान | ३२,६२२,८८६ | ६४९,८४५,८४६ |
| अन्य बैंक मौज्दात | १५,००० | ३५,०१५,००० |
| अन्य वित्तीय सम्पत्ति | १,४६९,०९८,२६२ | १,०५८,२९७,१२९ |
| अन्य चालू सम्पत्ति | १६,१२६,८५९ | ११,३७७,१६६ |
| चालू सम्पत्ति (खुद) | - | २४,०४५,१२२ |
| **जम्मा चालु सम्पत्ति** | **१,६८०,७००,८३७** | **१,९२२,४९२,१६४** |
| **जम्मा सम्पत्ति** | **७,६८२,८१०,३५२** | **७,६८७,४०८,०२७** |
| **कोष तथा दायित्व** | | |
| **कोष** | | |
| इक्वीटी शेयर पूंजी | ३,२४६,३२६,८०० | २,९५१,३६०,५०० |
| अन्य इक्वीटी | ३,७२१,८६७,११६ | ४,०५८,०३०?६०४ |
| **जम्मा कोष** | **६,९६८,१९३,९१६** | **७,००९,३९१,१०४** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| ग्राण्ट अनुदान जगेडा | १८३,०४८,५५० | १८९,४३७,४२० |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | ९४,६५९,२८० | ११०,०६९,३२४ |
| व्यवस्थाहरू | २२,१७४,८३७ | २०,०५५,१५८ |
| स्थगन कर | १३८,६९७,३२० | १४०,२००,८२७ |
| अन्य गैर चालू दायित्व | १९,३९३,५७२ | २२,३५९,९५८ |
| **जम्मा गैर चालू दायित्व** | **४५७,९७३,५५९** | **४८२,१२२,६८७** |
| **चालू दायित्व** | | |
| वित्तीय दायित्व | | |
| ऋृण सापटी | १०१,३७३,९४५ | ४८,८८२,१३६ |
| व्यापारिक साहू तिर्नुपर्ने | ३९,०२९,५३७ | ३८,१७७,३५४ |
| अन्य वित्तीय दायित्व | २७,५९१,९९६ | २३,१०२,३३३ |
| व्यवस्थाहरू | २,६००,४३१ | ३,६४७,४१७ |
| अन्य चालू दायित्व | ८५,१९२,२०१ | ८२,०८४,९९६ |
| चालू कर दायित्व (खुद) | ८५४,७६७ | |
| **जम्मा चालू दायित्व** | **२५६,६४२,८७७** | **१९५,८९४,२३६** |
| **जम्मा दायित्व** | **७१४,६१६,४३६** | **६७८,०१६,९२३** |
| **जम्मा कोष तथा दायित्व** | **७,६८२,८१०,३५२** | **७,६८७,४०८,०२७** |

## २०७९ आषाढ ३२ गते समाप्तवर्षको

# नाफा नोक्सानको विवरण

| विवरण | आ.व. २०७८।७९ रू. | आ.व. २०७७।७८ रू. |
|---|---|---|
| बिक्री | ७७५,०४८,८२६ | ६४६,१४१,९२३ |
| बिक्रि लागत | | |
| उत्पादन खर्च | (२९५,७९२,७९१) | (३१२,१८०,९०३) |
| वितरण खर्च | (१३७,८७४,९३३) | (१२४,१६०,४२५) |
| **कूल मुनाफा** | **३४१,३८१,१०२** | **२०९,८००,५९५** |
| अनुदान सहयोगको आम्दानी अंशको ह्रासकट्टी | ७,८३९,०८६ | ७,७८२,१३४ |
| अन्य आय | ४०,०२९,०९३ | ६८७,७१५,२२१ |
| प्रशासनिक तथा अन्य संचालन खर्चहरू | (१२७,४२७,०३२) | (१२७,७३९,४७९) |
| लगानीमा नोक्सान व्यवस्था | - | (२५२,०५१,८५८) |
| **संचालनवाट मुनाफा** | **२६१,८२२,२४९** | **५२५,५०६,६१३** |
| वित्तीय आय | ९९,९२८,७३९ | ५८,५३१,६४६ |
| वित्तीय लागत | (१२,८०९,९५४) | (१९,४३५,४७८) |
| **कर अघिको मुनाफा** | **३४८,९४१,०३४** | **५६४,६०२,७८१** |
| **आयकर खर्च** | | |
| चालु वर्षको आयकर | (६९,६१३,७६४) | (११५,८७३,०४७) |
| स्थगन कर आम्दानी /(खर्च) | (५,१७७,०३४) | ५३,०८५,९४० |
| **चालु वर्षको मुनाफा** | **२७४,१५०,२३६** | **५०१,८१५,६७४** |
| **अन्य विस्तृत आय** | | |
| इक्वीटी उपकरणवाट देखिएको अन्य विस्तृत आय | (२६,७२२,१६५) | (१५७,३०५,९००) |
| नाफा नोक्सानसंग पुनवर्गीकरण नहुने शीर्षकको कर | ६,६८०,५४१ | ३९,३२६,४७५ |
| **जम्मा अन्य विस्तृत खूद आय** | **(२०,०४१,६२४)** | **(११७,९७९,४२५)** |
| **जम्मा विस्तृत खूद आय (कर पछिको)** | **२५४,१०८,६१२** | **३८३,८३६,२४९** |
| प्रति शेयर आम्दानी - आधारभूत (Basic) | ८.४४ | १५.४६ |
| प्रति शेयर आम्दानी - परिवर्तित (Diluted) | ८.४४ | १५.४६ |

नोट :

नोट:

BUTWAL POWER COMPANY LIMITED

**CORPORATE OFFICE**
P.O. Box. 11728
Gangadevi Marga - 313, Buddha Nagar
Kathmandu, Nepal
Tel: 977-1-4791776, 4794026
Fax: 977-1-4790994
E-mail: info@bpc.com.np

**JHIMRUK HYDROELECTRIC CENTER**
Darimchaur, Pyuthan
Tel: 086-590104

**ANDHIKHOLA HYDROELECTRIC CENTER**
Galyang, Syangja
Tel: 977-063-460152
Fax: 977-063-460152

**LIASON OFFICE**
Campus Road, Butwal
Tel: 977-071-540809
Fax: 977-071-541058